नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९	स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४	अंक २४८	२०८२ साल बैशाख २२ गते सोमबार (5 May 2025 Monday)	मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : घोषणामै सीमित सार्वजनिक ... ३ पृष्ठमा : नौ महिनामा सामाजिक ... ३ पृष्ठमा : माल्दिभ्सका राष्ट्रपति मुइज्जुद्वारा ...

# लालपुर्जा माग्दै नापी कार्यालयमा घेराउ र धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

विभिन्न ८ बुँदे माग अघि सार्दै आन्दोलनरत राजविराज नगरवासीले आईतवार नापी कर्यालय घेराउ गर्दै कार्यालय अगाडी धर्ना बसेका छन् ।

नगर क्षेत्रको बिटौरी र ब्लक जग्गाको लालपुर्जाको मागसहित आन्दोलनरत नगरवासीहरुद्वारा गठित संघर्ष समितिको अगुवाईमा विहान साढे १० बजेदेखि कार्यालय खुल्नासाथ कार्यालय घेराउ र नारावाजी गर्दै धर्ना दिइएको हो ।

एक घण्टा दिइएको धर्नाका कारण कार्यालयको सेवा प्रवाह ठप्प भएको थियो । धर्नामा संघर्ष समितिका पदाधिकारीका साथै जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, उद्योग वाणिज्य संघ सप्तरीका सचिव अमृत संचेती, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रिय सदस्य ललन मिश्राका साथै ठूलो संख्यामा नगरवासी सहभागि थिए ।

राजविराज नगरपालिका स्थापनाकालदेखि नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ-बायाँ रहेका ५ हजार २ सय परिवार बर्षौंदेखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट विगत ८ बर्षदेखि रोक्का प्रकृया बन्द गरिएछि मार्कामा परेका छन् । जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास तथा विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋणकर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

संघर्ष समितिले ब्लक र बिटौरी जग्गाको लालपुर्जाका साथै राजविराज बसपार्क अविलम्व संचालन, हटियामा निर्माणाधिन व्यवसायिक कम्पलेक्सको निर्माण कार्य अविलम्व सकाएर व्यवसायीलाई हस्तान्तरण, नाका क्षेत्रमा बर्षौ देखि बन्द रहेका छोटी भन्सार कर्यालयहरुको पुनर्संचालन लगायतका ८ बुदे माग अघि सार्दै विगत २ महिना देखि आन्दोलित छन् । तर सरोकारवाला निकायले माग सम्बोधन प्रति कुनै चासो नदेखाएकाले बाध्य भई आन्दोलनलाई निरन्तरता दिइएको संघर्ष समितिका संयोजक इरसाद अन्सारीको भनाई छ ।

यता नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्रले नापी कार्यालयको डकुमेन्टले गाउँब्लकको जग्गा हो भनी देखाउँदा नगरपालिकाको डकुमेन्टले बिटौरी जग्गा हो भनेर देखाएकाले लालपुर्जा दिन समस्या भएको भन्दै यसको समाधान सम्बन्धित मन्त्रालयबाट नै सम्भव भएको बताए । उनले आफ्नै कार्यकालमा नगरवासीले लालपुर्जा पाउन सकोस भन्ने चाहना राखेको भन्दै यसका लागि आफूले सक्दो पहल गरिरहेको जानकारी समेत दिए ।

संघर्ष समितिले बैशाख २२ गते सोमबार राजविराज नगरपालिका कार्यालयमा समेत घेराउ र धर्ना कार्यक्रम गर्ने घोषणा गरेको छ ।

दोस्रो चरणको आन्दोलनका कार्यक्रम अनुसार नगरका घर र पसल पसलमा कालो झण्डा झुण्ड्याउने, मागका पक्षमा हस्ताक्षर संकलन अभियान, सरकोकारवाला कार्यालयमा धर्ना लगायतका विरोधका कार्यक्रम गरिरहेको छ । यस्तै संघर्ष समितिले बैशाख २४ गते नगरवासीको बृहत भेलाबाट तेस्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गर्ने जनाएको छ ।

## बैशाख २३ र जेठ २८ गते मधेशमा सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

मधेश प्रदेश सरकारले बैशाख २३ र जेठ २८ गते सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

बैशाख २३ गते मंगलबार जानकी नवमीको अवसर पारेर सार्वजनिक विदा दिइएको गृह, संचार तथा कानुन मन्त्रालयले जनाएको छ ।

यस्तै जेठ २८ गते बुधबार कबीर दास जयन्तीका दिन सार्वजनिक विदा दिने निर्णय भएको मन्त्रालयले आईतवार सूचना जारी गर्दै जनाएको छ ।

## अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नगर्न अदालतको आदेश

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नगर्न उच्च अदालत जनकपुर राजविराज इजलासले अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश कृष्ण प्रसाद सुवेदीको गत १२ बैशाखको इजलासले विद्यालय कक्षा संचालन गर्न अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नलिन, कक्षा संचालन नगर्न, नगराउन अल्पकालिन अन्तरिम आदेश दिएको थियो ।

उक्त इजलासले अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्ष राखी छलफल गराउनका निम्ति बैशाख १९ गतेको समय तोकिएको थियो । १९ गते छलफल भएपछि अदालतले अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नलिन, कक्षा संचालन नगर्न, नगराउन अन्तरिम आदेश नै दिएको छ ।

न्यायाधीशद्वय अर्जुन प्रसाद अधिकारी र पूर्ण प्रसाद राजबंशीको संयुक्त इजलाशले अन्तरिम आदेशलाई निरन्तरता दिएको हो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका निवासी प्याब्सन सप्तरीका पूर्व अध्यक्ष समेत रहेका अरुण कुमार देवले दायर गरेको निषेधाज्ञा रिटमा अदालतले यस्तो आदेश दिएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

## महायज्ञको मुख्यमन्त्री सिंहले गरे शुभारम्भ



**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

रुपनी गाउँपालिकामा अवस्थित गजेन्द्रनारायण सिह औधोगिक क्षेत्रमा आइतबारदेखी श्री सीताराम नाम १००८ मण्डपीय संकिर्तन एवं रामचरित मानस महायज्ञको शुभारम्भ भएको छ ।

उक्त महायज्ञको मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पूजापाठ गरि शुभारम्भ गरेका हुन् ।

आइतबार बिहान कलश यात्रा समेत निकालिएको थियो । महायज्ञस्थलबाट निस्केको कलशयात्रामा हजारौंको संख्यामा महिला/पुरुष सहभागि भए । सहभागिहरुले भुतनाथ मन्दिर स्थित पोखरीबाट पवित्र जल भरेर पुनः यज्ञस्थल पुगेका थिए ।

आयोजक समितिका अनुसार बैशाख २१ गतेदेखी २९ गते ९ दिन सम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विभिन्न धर्मगुरुका साथै साधु-सन्तहरुको व्यापक सहभागिता रहेको छ । उक्त महायज्ञमा १५ लाखभन्दा बढी भक्तजनआउने विश्वास गरिएको आयोजक समितिका अध्यक्ष गणपैत पण्डित कुम्हारले बताए ।

विश्व शान्ति, मानव कल्याण, औधोगिक क्षेत्रको विकास तथा उद्योगीहरुलाई आकर्षित गर्ने कामनाका साथ आयोजना गरिएको महायज्ञमा अनुमानित लागत ३ करोड ३६ लाख खर्च हुने अनुमान गरिएको आयोजक समितिका सहअध्यक्ष समेत रहेका रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिए ।

यज्ञकर्ता एवं संरक्षक जगत नन्दन दासजी (पगलाबाबा) ले महायज्ञमा भारतका शंकराचार्य पिठाधिश जगत गुरु शारदानन्द सरस्वतीका साथै नेपाल तथा भारतका प्रख्यात संन्तहरुबाट कथावाचन हुने कार्यक्रम रहेको जानकारी दिदै महायज्ञ सफल बनाउन सबैसंग आग्रह गरेका छन् ।

महायज्ञ भव्य बनाउनका लागी धार्मिक प्रवचन, रासलिला, रामलिला, झुला खेलसहित मनोरंजनका विभिन्न कार्यक्रमहरुको व्यवस्था मिलाइएको जिल्ला समन्वय समितीका उपप्रमुख एवं महायज्ञ आयोजक समितिका सदस्य शम्भु प्रसाद यादवले जानकारी दिए ।

महायज्ञस्थलमा अहिले पुजा विधीका लागी फुँसका १००८ वटा मण्डप बनाइएको छ भने विभिन्न देवी देउताका १०८ वटा मुर्ती राखिएको छ ।

महायज्ञ शुभारम्भका अवसरमा मुख्यमन्त्री सिंहका साथै प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, प्रदेश सांसद महेशकुमार यादव, समाजसेवी गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, वडाअध्यक्ष जबाहर यादव, सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

**Wisdom School**

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार बिधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### अस्पतालको दयनिय अवस्था

सप्तरी जिल्लाको प्रमुख सरकारी स्वास्थ्य संस्था, गजेन्द्र नारायण सिंह अस्पताल गम्भीर संकटमा छ। जनताको स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यले स्थापना गरिएको यो अस्पताल अहिले स्वयं उपचारको खाँचोमा परेको छ। अस्पतालमा चिकित्सकको चरम अभाव छ। महिनौंसम्म अस्पताल प्रमुख नियुक्त नहुनु, र धेरै चिकित्सकहरू निजी क्लिनिकमा कार्यरत हुनुका कारण उच्च निर्भरता इकाई जस्ता महत्वपूर्ण सेवा बन्द भएका छन्। यसले गम्भीर बिरामीहरूलाई तत्कालीन उपचारबाट वञ्चित गराएको छ।

५० शैयादेखी तीन सय शैय्याको अस्पताल भवनको निर्माण छ वर्ष बितिसक्दा पनि अधुरो छ। निर्माण कम्पनीले साढे तीन वर्षमा काम सक्ने सम्झौता गरे पनि, ढिलाइका कारण बाह्यरोगी सेवा र मातृशिशु सेवा प्रभावित भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले अस्पतालको निरीक्षण गरे पनि, सुधारका लागि ठोस कदमहरू नदेखिनु चिन्ताको विषय हो। अस्पतालको वर्तमान अवस्था जनस्वास्थ्यको लागि गम्भीर चुनौती हो।

तसर्थ चिकित्सकको नियुक्ति, अधुरो भवनको शीघ्र सम्पन्नता, र सेवा प्रवाहमा पारदर्शिता आवश्यक छ। यसका लागि स्थानीय सरकार, संघीय निकाय, र नागरिक समाजको समन्वय आवश्यक छ। अस्पताललाई पुनः जीवन्त बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# घोषणामै सीमित सार्वजनिक सवारीमा 'जिपिएस प्रणाली'

**दीपक आचार्य**

काठमाडौँ, २१ वैशाख (रासस)।

प्रविधिको तीव्रतर विकाससँगै देश आधुनिक युगतर्फ अघि बढेको छ। मानिसहरूले नयाँनयाँ प्रविधिको खोजी गर्दै छन्। प्राविधिक क्षेत्रमा भइरहेका नयाँ आविष्कारहरूले दैनिक जीवनलाई अझ सरल र सहज बनाउँदैछ।

प्रविधिको क्षेत्रले ठूलो प्रगति गरेको छ र विभिन्न नवीनतम् उपकरण र प्रविधिको प्रयोग बढ्दो क्रममा छ। यस्ता नयाँ प्रविधिले उद्योग, शिक्षा, स्वास्थ्य र यातायातजस्ता क्षेत्रमा सकारात्मक असर गर्दै आएको छ। नयाँ प्रविधिको प्रयोग गरी नेपाल सरकारले दुई दशकअघि नै सार्वजनिक यातायातका साधनमा जिपिएस प्रणाली लागू गर्ने बताएको थियो। जसले गर्दा सवारीसाधनको वास्तविक 'लोकेसन' पत्ता लाग्न मद्दत पुग्छ।

जिपिएस प्रणाली जोडिएका आधुनिक बसले यातायातको सुरक्षा, समय व्यवस्थापन र यात्रुको सुविधा सुनिश्चित गर्ने काम गर्छन्। जिपिएस प्रणालीको विकास संयुक्त राज्य अमेरिकाको रक्षा विभागले गरेको थियो। २७ अप्रिल, १९९५ देखि यो प्रणाली पूर्ण रूपमा लागू भएको थियो। जिपिएस प्रणालीको प्रयोगले बसमा यात्रा गर्दा यात्रुहरूको समय, सुरक्षा र सुविधा सबैमा सुधार ल्याउँछ। त्यतिमात्र होइन, जिपिएस लागू भएको बसमा यात्रा गर्दा जहाँ पायो त्यहीँ बस रोक्ने परिपाटीको अन्त्य हुनुका साथै निर्धारित बस रोक्ने स्थान(स्टप)मा यात्रुले सवारीसाधन आगमनको यथार्थ विवरण थाहा पाउन सक्छन्, जसले गर्दा धेरै समय बस कुर्नुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ।

कुनै बस आपतकालीन अवस्थामा छ भने पनि जिपिएसका माध्यमबाट त्यहाँका सुरक्षा एजेन्सीलाई तुरुन्त सूचना पठाउन सकिन्छ। जसले तत्काल मद्दत पुऱ्याउन सम्भव बनाउने र जिपिएस प्रणालीले बसको गति ट्र्याक गरेर अत्यधिक गतिमा चलाएको अवस्थामा चालकलाई चेतावनी दिने भएकाले जिपिएस हरेक बसमा जडान हुनैपर्ने जानकारहरू बताउँछन्। तर, दुई दशकअघिबाटै चर्चा चलेको जिपिएस प्रणाली लागू गर्ने विषय अहिलेसम्म पनि चर्चामै मात्र सीमित छ।

यातायात व्यवसायीहरूले पनि सार्वजनिक यातायातका साधनमा जिपिएस प्रविधि जडानको व्यवस्था गरिदिन यातायात व्यवस्था विभागसमक्ष बारम्बार आग्रह गरिरहेका छन्। तर, अझै पनि यो विषयले मूर्त रूप पाउन सकेको छैन। सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन जिपिएस प्रणाली लागू गर्नुपर्ने आवाज बलियो बन्दै गएको। तर, विभागले चासो नदिँदा र सरोकार भएकाहरूबीच आवश्यक समन्वयको अभावका कारण कार्यान्वयन हुन सकेको छैन।

यता, सार्वजनिक गाडीहरूमा छिट्टै जिपिएस प्रणाली लागू गरिने यातायात व्यवस्था विभागले जनाएको छ। काठमाडौँ महानगरपालिकाले यसको सुरुआत गरिसकेको छ भने विभागले पनि आवश्यक गृहकार्य गरिरहेको छ। यातायात व्यवस्था विभागले २०७८ सालमै सार्वजनिक सवारी साधनमा 'जिपिएस भेहिकल-ट्र्याकिङ सिस्टम' को प्रयोग सुरु गरेको थियो। त्यतिबेलै केही गाडीमा जिपिएस जडान गरेको विभागले अहिले भने त्यसलाई निरन्तरता दिन सकेको छैन।

यता केही समयअघि मात्रै सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई प्रतिस्थापन गर्न राष्ट्रिय यातायात नीति, २०८१ को मस्यौदा सार्वजनिक गरेको छ। नयाँ नीतिले यातायात व्यवस्थापन, सञ्चालन र नियमनलाई प्रभावकारी बनाउन नवीनतम् प्रविधिमैत्री तथा वैज्ञानिक पद्धति अवलम्बन गर्ने उद्देश्य राखेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सार्वजनिक गरेको मस्यौदामा यातायात व्यवस्थापनलाई प्रविधिमैत्री, सुरक्षित र वातावरण अनुकूल बनाउन सार्वजनिक सवारीसाधनमा 'ग्लोबल पोजिसनिङ सिस्टम'द्वारा ट्र्याकिङ गर्ने प्रणाली लागू गरिने नयाँ प्रावधान प्रस्ताव गरिएको छ।

त्यतिमात्र होइन, गृह मन्त्रालयले गत साउन ३० गते विज्ञप्ति जारी गरेरै यात्रुवाहक सार्वजनिक सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली र सिसिटिभी जडान गर्न निर्देशन दिएको छ। सिमलताल घटना अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न गृह मन्त्रालयले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घलाई १२ बुँदे निर्देशन दिएको थियो। यसको ३ नम्बर बुँदामा सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली राख्नुपर्ने उल्लेख छ।

गृह मन्त्रालयले बारम्बार जिपिएस प्रणाली लागू गर्न भने पनि सवारीधनीले अटेर गर्दा पनि कार्यान्वयनमा जटिलता आइरहेको बताइएको छ। सबै सवारीसाधनमा जिपिएस लागू भए सवारी दुर्घटनालाई केही हदसम्म नियन्त्रण गर्न सकिने ट्राफिक प्रहरीको आकलन छ।

गृह मन्त्रालयले सवारीधनीलाई जिपिएस प्रविधि जडान गर्न निर्देशन दिए पनि अहिलेसम्म लागू हुन सकेको छैन। सवारीसाधनमा जिपिएस प्रणाली एकदमै महत्वपूर्ण हुने भएकाले यात्रुको सुरक्षा र ट्राफिक व्यवस्थापनमा पनि सघाउ पुग्ने विज्ञहरू बताउँछन्। अन्य विकसित देशहरूमा सबै सार्वजनिक सवारीसाधनमा जिपिएस अनिवार्य गरिएको हुन्छ। यसले कुन गाडी कुन समयमा कहाँ पुग्यो भनेर ट्र्याक गर्न सकिने हुँदा यात्रुदेखि सवारी धनी र यातायात सुरक्षामा काम गर्ने निकायहरूलाई पनि निकै सहज बनाको हुन्छ।

**बस सेवाले चालेको कदम**

नेपाल सरकारले दुई दशकअघि नै घोषणा गरे पनि कार्यान्वयन हुन नसकेको काम सफल बनाउन निजी क्षेत्रको संस्था बस सेवाले पहल थालेको छ। छ महिनाअघि सुरु भएको जिपिएस जडान अहिलेसम्म ३०० भन्दा बढी सार्वजनिक बसहरूमा उपलब्ध भइसकेको छ। जिपिएस प्रणाली जडानलाई तीव्रता दिँदै निकट भविष्यमै एक हजार वटा गाडीमा उपलब्ध गराउने योजना छ।

जिपिएस प्रविधिले गाडीको 'स्पिड' र 'लाइभ लोकेसन' पत्ता लाग्ने भएकाले सवारीधनी र यात्रुसँगै ट्राफिक प्रहरीलाई समेत सहज हुन्छ। बससेवाले नेपालमै पहिलो पटक जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) प्रणालीको आधुनिक बस ल्याएको दाबी गरेको छ। बससेवाले ल्याएको यस्तो नयाँ प्रविधिको प्रयोगबाट आफूले ढुक्क भएर यात्रा गर्न पाएको यात्रुहरूको प्रतिक्रिया छ। यस्तो प्रविधिले आफू मात्र सुरक्षित महसुस हुने नभई घरका अन्य सदस्यहरूलाई पनि निकै सहयोग पुऱ्याएको यात्रुहरूको अनुभव छ।

यस्तो सुविधा हरेक बसमा लागू हुनुपर्ने भन्दै एक यात्रुले भन्नुभयो, "मैले मेरो बा-आमालाई अब ढुक्क भएर बससेवाको कुनै पनि बसमा काठमाडौँ पठाउन र काठमाडौँबाट धनगढी ल्याउन सक्छु। फोन चलाउन नजान्ने अभिभावकलाई कतै पठाउनुपर्दा पनि बस कहाँ पुग्यो, कति गतिमा गुडिरहेको छ जस्ता कुरा आफैँले ट्र्याक गर्न सकिने हुँदा यो भरपर्दो छ।"

यस्तै, सवारीसाधनमा जिपिएस प्रणाली जडान भएपछि बस कतिबेला आउँछ भनेर "बसस्टप'मा कुर्नुपर्ने अवस्थाको पनि अन्त्य भएको यात्रुहरूको अनुभव छ। 'अब म बसस्टपमा कुरेर बस्नुपर्दैन", उहाँले भन्नुभयो, "मैले मेरो आफन्त चढेको बस कहाँ आइपुग्यो भनेर मोबाइलको सहायताले घरमै बसेर हेर्न सक्छु। यसले मेरो समयको बचत भएको छ।" यदि कुनै आपत्कालीन घटना भयो भने बसको स्थान तुरुन्त थाहा पाइने र आवश्यक सहायता प्रदान गर्न सजिलो हुने भएकाले पनि जिपिएस भएकै बसमा यात्रा गर्न रुचाउनेको सङ्ख्या बढ्दो क्रममा छ। अब नेपालमा सञ्चालन हुने सबै सार्वजनिक यातायातमा जिपिएस प्रणाली जडान गर्नसके दुर्घटनाको जोखिमसँगै यात्रुको समय र पैसाको पनि बचत हुने देखिन्छ।

जिपिएससँगै सार्वजनिक यातायातमा 'क्यासलेस' भुक्तानीको व्यवस्था गर्नुपर्ने माग बढ्दै गएको छ। पछिल्लो समय हरेक क्षेत्रमा डिजिटल भुक्तानी फस्टाइरहँदा सार्वजनिक यातायातमा भने अझै नगदमै कारोबार गर्नुपर्ने बाध्यता छ। केही सेवा प्रदायकले 'वालेट'मार्फत भुक्तानीको व्यवस्था लागू गरे पनि अन्य मुलुकमा जस्तो सदस्यता कार्ड बनाएर त्यसैमार्फत् भुक्तानीको व्यवस्था हुन भने सकेको छैन। यदि यात्रा कार्डको व्यवस्था गर्न सकेको खण्डमा यात्रु र सवारीसाधनका सहचालकको समय बचत हुने मात्र होइन, खुद्रा पैसाको झन्झटबाट हुने ठगी पनि रोकिनसक्ने देखिन्छ। नेपालको सार्वजनिक यातायातमा जिपिएस प्रविधि र यात्रा कार्डको आवश्यकता टड्कारो रूपमा खट्किएकाले सरोकार भएका निकायहरूले यसमा चासो दिनुपर्ने विज्ञहरू बताउँदै आएका छन्। (*लेखक आचार्य पत्रकार हुनुहुन्छ*)

# तेह्र वर्षमा पनि बनेन कमला पुल, ठेक्का तोड्ने तयारी

सिरहा, २१ वैशाख (रासस)।

हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने १३ वर्षदेखि निर्माणाधीन कमला पुल निर्माण कम्पनीले काम रोकेपछि ठेक्का सम्झौता तोड्ने तयारी थालिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ।

निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स' लाई आगामी असार मसान्तसम्म भासिएको पुलको पुनःनिर्माण सम्मन्न गरिसक्ने गरी अन्तिम पटकलाई ठेक्का सम्झौता भएकोमो उक्त निर्माण कम्पनीले महिनादिन अघिदेखि काम ठप्प गरेपछि ठेक्का सम्झौता रद्द गरी कारबाही प्रक्रिया अघि बढाइएको निर्देशनालयका योजना प्रमुख कृष्णकुमार महतोले बताउनुभयो। "सम्झौताअनुसार असार मसान्तसम्म काम सम्पन्न हुनुपर्ने हो। तर, एक महिनाअघिदेखि निर्माण कम्पनीले काम ठप्प पारेको छ। म्याद थपको लागि निवेदन पनि दिएको छैन", उहाँले भन्नुभयो, "सम्झौताअनुसार काम नभएपछि कारबाहीको लागि केन्द्रमा सिफारिस गरेका छौँ।"

यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो। पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमाबापतको रकम दाबी गरेको थियो। हाल उक्त मुद्दा अदालतमा विचाराधीन भएकाले निर्माण सम्झौता र कारबाही प्रक्रिया के हुने भन्नेबारेमा निर्देशनालयले कानुनी परामर्श गरिरहेको प्रमुख महतोले बताउनुभयो।

पुलको निर्माणको अन्तिम चरणमा रहेको बेला बाढीले क्षति पुऱ्याएपछि कम्पनीले क्षतिबापत बिमाबाट पाउनुपर्ने रु आठ करोड रकम नपाएपछि आफूहरू अदालत जानुपरेको निर्माण कम्पनीका 'लुम्बिनी बिल्डर्स' का 'साइट इञ्चार्ज' सुदीप थापाको भनाइ छ। उक्त रकम प्राप्त नगर्दा आर्थिक अभावले पुल निर्माणको बाँकी काम रोक्नुपरेको उहाँले जानकारी दिनुभयो।

विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो। तर, पटक-पटक म्याद थपेर १३ वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अधुरै छ। 'पप्पु कन्ट्रक्सन'ले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम 'लुम्बिनी बिल्डर्स'ले गर्दै आएको थियो। यसबिचमा अन्तिमपटकका लागि ०८२ असारसम्मको थपिएको म्याद पनि त्यत्तिकै गुज्रिएको छ।

स्थानीयले वर्षौंदेखि कमलामा काम चलाउ काठेपुल बनाएर आवतजावत गरिरहे पनि वर्षायाममा भने सोही पुल बगाएर सधैँ सास्ती भोग्नुपरेको सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यावदले बताउनुभयो। उहाँका अनुसार सिरहा र सप्तरीका मानिसलाई प्रदेश

*बाँकी तीन पृष्ठमा*

# नौ महिनामा सामाजिक क्षेत्रमा उल्लेख्य काम

**सुशील दर्नाल**
काठमाडौँ, २१ वैशाख (रासस) ।
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नौ महिनाको अवधिमा दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका ११० जना गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरेको छ ।

मन्त्रालयको पहलमा हालसम्म यसरी उद्धार गरिएका महिलाको सङ्ख्या ८१० रहेको बताइएको छ । मन्त्री नवलकिशोर साह सुडीले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि विभिन्न नीतिगत तथा संरचनागत सुधारमा जोड दिनुभएको जनाइएको छ ।

मन्त्रालयले नौ महिनाको अवधिमा (२९ पुरुष र ४६ महिला गरी ७५ ज्येष्ठ नागरिकलाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराएको छ । यस मन्त्रालयलाई अपाङ्गमैत्री निकायका रुपमा विकास गर्ने क्रियाकलापअन्तर्गत सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयमार्फत कार्य गर्नेगरी सहरी विकास मन्त्रालयमा कार्यक्रम सञ्चालनका लागि अख्तियारी प्रदान भएको सूचना अधिकारी केशवप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

यस अवधिमा मन्त्रालयले भारतको काश्मिरमा बन्धक बनाइएका ३२ जना नेपाली पुरुषलाई उद्धार र स्वदेश फिर्तिका लागि परराष्ट्र मन्त्रालयमार्फत दिल्लीस्थित नेपाली दूतावासलाई नपुग रकम रु दुई लाख ५१ हजार ४३१ पठाइएको छ ।

बाँके जिल्लामा सञ्चालित पुनःस्थापना केन्द्रलाई केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना गरिएको छ । यस्तै तनहुँ आबुखैरेनी गाउँपालिका-५, सत्रसयफाँट, ढकालटारमा बाल सुधार गृह भवन निर्माणका सवालमा मन्त्रालयले अख्तियारी गुर्नका साथै एलएमबीआइएस संशोधन गरेको छ ।

मानव बेचिबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन मस्यौदाको प्रस्ताव मन्त्रिपरिषद्मा दर्ता भएको, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०८२ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको तथा मानव बेचबिखनविरुद्धको अध्ययन अनुसन्धान गर्ने विषयमा समिति गठन भई कार्य प्रक्रियामा रहेको मन्त्रालयका प्रवक्ता चक्तबहादुर बुढाले जानकारी दिनुभयो ।

उहाँका अनुसार मङ्गला सहाना पुनःस्थापना केन्द्र भवन निर्माण गर्ने क्रियाकलापअन्तर्गत जग्गाको समस्या समाधान गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ । बालसुधार गृह ढकालटारको बहुवर्षीय तथा स्रोत सुनिश्चित प्राप्त भई सहरी विकास मन्त्रालयमा जग्गा सुनिश्चित भई खरिद प्रक्रियामा रहेको छ ।

मन्त्रालयले मानव बेचबिखन नियन्त्रण जिल्ला समितिलाई सशर्त अनुदान (१० जिल्ला) दिने सवालमा सम्बन्धित जिल्लामा अख्तियारी पठाई एलएमबिहाइएस संशोधनका लागि अर्थमन्त्रालयमा पठाएको छ ।

मन्त्रालयले करार व्यवस्थापनमा सञ्चालित बालसुधार गृह (भक्तपुर, मोरङ, कास्की र बाँके) लाई सञ्चालन अनुदानका विषयमा मन्त्रालयले बालकोषमा रकम जम्मा गरिदिएको छ ।

मापदण्ड पूरा गरेका ४२ वटा बाल गृहलाई सञ्चालन अनुमति प्रदान गरिएको, १७ बालगृहको अनुगमन गरी पृष्ठपोषण गरिएको, सात बालगृह सञ्चालक र कर्मचारीलाई बालगृह सञ्चालनसम्बन्धी कानुन र मापदण्डका बारेमा अभिमुखीकरण गरिएको र ३१ बालबालिकालाई बालगृहबाट परिवारमा पुनर्मिलन गरिएको मन्त्रालयले जनाएको छ ।

देशभर हराएका तीन हजार ६९८ (बालक एक हजार २६ र बालिका दुई हजार ६७२) बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका तीन हजार १०७ (बालक ८८३ र बालिका दुई हजार २२४) जनालाई परिवारमा पुनर्मिलन गरिएको र हराएकामध्ये ८४ दशमलव ०१ प्रतिशत फेला पारिएको मन्त्रालयको तथ्याङ्कमा छ ।

सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनको सवालमा मन्त्रालयले बेवारिस अवस्थामा फेला परेका २२२ जना बालबालिका (बालक १२८ र बालिका ९४) मध्ये १३४ जना बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन गरिएकामा ६७ जना बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बालगृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको/बेवारिस फेला पारिएको छ । तीमध्ये ६० दशमलव ३६ प्रतिशत बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको छ भने ३९ दशमलव ६४ प्रतिशत बालगृहमा अस्थायी संरक्षणका लागि पठाइएको छ ।

यस अवधिसम्म ४३० जना सडक बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण तथा व्यवस्थापन गर्ने लक्ष्य रहेकामा ४४१ जना सडक बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण तथा व्यवस्थापन गरिएको जनाइएको छ ।

राष्ट्रिय गैरसरकारी संस्थाका ५८३ वटा परियोजनामा रु छ अर्ब ९७ करोड ८७ लाखको कार्यक्रम स्वीकृत गर्नुका साथै सिडमा नेपालको हालसम्मको प्रगति पेस गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय नीति कार्यान्वयन कार्ययोजना तयार गर्न समिति गठन गरेको छ । "पशुपति वृद्धाश्रम निर्माणको लागि कागेश्वरी मनहरा नगरपालिका गोठाटारस्थित पशुपति क्षेत्र विकास कोषको जग्गाको स्वामित्व प्राप्त भएपछि मात्र योजना सञ्चालन गर्नु भनी प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव रहेकामा गुठीको भोगाधिकार प्राप्त भएको उक्त जग्गा योजनाको नाममा स्वामित्व हस्तान्तरण हुने कानुनी आधार नभएकाले उक्त आयोजना सञ्चालनका लागि सम्बन्धित पालिका निजी, सामुदायिक तथा अन्य क्षेत्रबाट सोही क्षेत्रका सार्वजनिक वा सरकारी जग्गा खोजी गर्ने काम भइरहेको छ", प्रवक्ता बुढाले भन्नुभयो ।

जग्गा प्राप्तिको सम्बन्धमा एक महिनामा प्राप्त नभएका उपत्यका बाहिरका अन्य क्षेत्रको जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना आह्वान गर्नुका साथै अध्ययन गर्न समिति गठन गरिएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले मन्त्री साहको निर्देशनअनुसार महिला समुत्थान परियोजनाअन्तर्गत लैङ्गिक हिंसापीडित तथा प्रभावितका लागि निर्माण हुने राष्ट्रियस्तरको मङ्गला सहाना दीर्घकालीन पुनःस्थापना केन्द्र र मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा स्थापना हुने प्रादेशिक दीर्घकालीन पुनःस्थापना केन्द्रहरूको भवन निर्माणका लागि सम्बन्धित स्थानीय तह वा नगरविकास समितिको जग्गाको भोगाधिकार सम्बन्धित प्रदेश सरकारलाई उपलब्ध गराउने सम्बन्धमा प्रक्रिया सरलीकरण तथा सहजीकरणका लागि सङ्घीय सहरी विकास मन्त्रालयलाई र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरेको छ ।

### तेह्र वर्षमा ...

राजधानी जनकपुर आउजाउ गर्न भारतीय बजार जयनगर वा रू एक सय तिरेर डङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ । त्यस्तै आधा घण्टाको बाटोलाई मिर्चैया, ढल्केवर हुँदै करिब तीन घण्टा लामो घुमाउरो यात्रा गर्नुपर्ने हुनेछ ।

तराई मधेसको 'लाइफ लाइन'का रूपमा हेरिएको हुलाकी सडक मधेस प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो । सम्पन्न भई उद्घाटनको तयारी भइसकेको अवस्थामा कमला नदीमा आएको बाढीले भासिएको अलपत्र पुलको पुनः निर्माण कार्यमा ढिलाइ मात्र भएको छैन, पुल बन्नेनबन्ने अनिश्चित भएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### माल्दिभ्सका राष्ट्रपति मुइज्जुद्वारा १५ घण्टा लामो पत्रकार सम्मेलन

कोलम्बो, २१ वैशाख (रासस/एएफपी) ।
माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले करिब १५ घण्टा सम्म पत्रकार सम्मेलन गरी युक्रेनी नेता भोलोदिमिर जेलेन्स्कीको यसअघिको रेकर्ड तोडेको उहाँको कार्यालयले जनाएको छ ।

मुइज्जुले स्थानीय समयअनुसार शनिबार बिहान १०:०० बजे सुरू गरेको पत्रकार सम्मेलन १४ घण्टा ५४ मिनेटसम्म चलेर सकिएको हो ।

"राष्ट्रपति मुइज्जुले पत्रकारका प्रश्नको निरन्तर जवाफ दिँदै सम्मेलन मध्यरातसम्म लम्बिएको र यो उहाँले राष्ट्रपतिका रूपमा बनाएको नयाँ विश्व कीर्तिमान भएको छ," विज्ञप्तिमा भनिएको छ ।

सन् २०१९ को अक्टोबरमा युक्रेनको नेसनल रेकर्ड्स एजेन्सीले जेलेन्स्कीको १४ घण्टे पत्रकार सम्मेलनले बेलारुसका प्रभावशाली नेता अलेक्जेन्डर लुकासेन्कोको सात घण्टाभन्दा लामो रेकर्ड तोडेको दाबी गरेको थियो ।

मालदिभ्स सरकारले मुइज्जुको विस्तारित सत्रलाई शनिबार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा मनाउने उद्देश्यले आयोजना गरिएको जनाएको छ ।

उहाँले समाजमा प्रेसको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै तथ्यपरक, सन्तुलित र निष्पक्ष रिपोर्टिङको महत्वमा जोड दिनुभएको छ ।

लामो सत्रको दौडान मुइज्जुले पत्रकारमार्फत जनताका सदस्यहरूले सोधेका प्रश्नहरूको जवाफ पनि दिनुभएको थियो ।

सन् २०२३ मा सत्तामा आएका मुइज्जुको नेतृत्वमा माल्दिभ्स रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले प्रकाशित गरेको सन् २०२५ को विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा १८० देशमध्ये दुई स्थान माथि चढ्दै १०४औं स्थानमा पुग्न सफल भएको छ ।

शनिबारको सत्रमा उहाँले पत्रकार र उनीहरूमार्फत् जनताको विभिन्न प्रश्नको जवाफ दिएको विज्ञप्तिमा उल्लेख छ ।

करिब दुई दर्जन पत्रकारको उपस्थिति रहेको पत्रकार सम्मेलनभन्दा पहिले मुइज्जुका पूर्ववर्तीले सन् २००९ मा समुद्रको सतह बढ्न सक्ने खतरालाई उजागर गर्न पहिलो पटक 'पानीमुनि मन्त्रीपरिषद्को बैठक' आयोजना गरेर अर्को विश्व रेकर्ड कायम गर्नुभएको थियो ।

पूर्व राष्ट्रपति मोहम्मद नसिदले हिन्द महासागरको पानीमुनि मन्त्री परिषदको बैठक आयोजना गर्नुभएको थियो भने यसको राष्ट्रिय टेलिभिजनद्वारा प्रत्यक्ष प्रशारण गरिएको थियो ।

माल्दिभ्स समुद्रको सतह बढाउनसक्ने ग्लोबल वार्मिङविरुद्धको लडाईंको अग्रपङ्क्तिमा छ र विश्वव्यापी तपक्रम वृद्धिले भूमध्यरेखामा छरिएर रहेका एक हजार १९२ साना कोरल टापुहरूको देशलाई दलदलमा पार्न सक्ने जोखिम रहेको छ ।

### इजरायली विमानस्थलमा यमनी क्षेप्यास्त्र प्रहार

तेल अभिभ, २१ वैशाख (रासस/एएफपी) ।
यमनबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र आइतबार इजरायलको मुख्य अन्तर्राष्ट्रिय विमानस्थल नजिकै खसेको इजरायली अधिकारीहरूले बताएका छन् ।

यमनी हुथी विद्रोहीले शृङ्खलाबद्ध रूपमा इजरायली भूमिलाई लक्षित गरी आक्रमण हुनेगरेका भएपनि पछिल्लो यो क्षेप्यास्त्र आक्रमणको जिम्मेवारी तत्काल कसैले लिएको छैन ।

तेल अभिवबाहिर बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै क्षेप्यास्त्र प्रहार भएको सेनाले बताएको छ । यमनको क्षेप्यास्त्र वा इन्टरसेप्टरका कारण उक्त आक्रमण भएको भन्नेबारे तत्काल स्पष्ट हुन सकेको छैन ।

प्रहरीका केन्द्रीय जिल्ला प्रमुख याइर हेज्रोनीले घटनास्थलमा प्रहरीले जारी गरेको एक भिडियोमा भनेका छन्, "तपाईंले हाम्रो ठीक पछाडिको क्षेत्र देख्न सक्नुहुन्छ: यहाँ धेरै चौडा र कैयाँ मिटर मिटर गहिरो खाडल बनेको छ ।"

प्रहरी फुटेजमा अधिकारीहरू बगैंचामा रहेको खाल्डोको किनारामा उभिरहेको र टाढाबाट विमानस्थलको कन्ट्रोल टावर देखिन्छ ।

एएफपीका एक पत्रकारले जेरुसेलम र विमानस्थलमा भएको विस्फोटको आवाज सुनेको पुष्टि गरेका छन् ।

क्षेप्यास्त्र प्रहारका कारण अवरुद्ध भएको केही समयपछि बेन गुरिओनमा विमानको आवागमन पुनः सुरु भएको इजरायली विमानस्थल प्राधिकरणले जनाएको छ ।

उ स्ङ्यन प्राधिकरणले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अहिले विमानस्थल खुला गरी र आवागमन भइसकेको छ । इजरायली रक्षामन्त्री इजराइल काट्जले घटनाको पुष्टि गर्दै बदला लिने चेतावनी दिँदै भन्नुभएको छ, "जसले हामीलाई प्रहार गर्छ, हामी उसलाई सात गुणा कडा प्रहार गर्नेछौं ।"

यमनको अधिकांश भूभागमा नियन्त्रण जमाएका इरान समर्थित हुथी विद्रोहीले गाजा युद्धका क्रममा इजरायल र रेड सीको पानीजहाजलाई लक्षित गरी क्षेप्यास्त्र र ड्रोन प्रहार गरेका छन् ।

शनिबार हुथी विद्रोहीसमूहले इजरायलमाथि दुई दिनमा तेस्रो पटक क्षेप्यास्त्र आक्रमण गरेको दाबी गरेको थियो ।

सन् २०२३ मा गाजा युद्ध सुरु भएयता हुथी विद्रोहीले प्रहार गरेका अधिकांश क्षेप्यास्त्र इजरायली हवाई सुरक्षा बलले रोकेका छन् ।

# महिलालाई आत्मनिर्भर बनाउने प्रयास




**दैनिक समाचारदाता**
**राजविराज, २१ वैशाख ।**

नेपाल-भारत मैत्री संघ सप्तरीले तीन महिने निःशुल्क सिलाइ कटाई तालिम दिएर गरिब विपन्न महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरेको छ ।
२०८१ माघ १३ देखी संघद्वारा सुरु गरिएको तीन महिने निःशुःल्क सिलाई कटाई तालिम आईतवार सम्पन्न भएपछि सहभागिहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

तालिममा सहभागीहरुका लागी आयोजित प्रमाणपत्र वितरण कार्यक्रममा प्रमुख अतिथी प्रत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले गरिब विपन्न बेरोजगार महिलालाई स्वरोजगारको सिर्जना गर्न र आय आर्जनको श्रोत जुटाउन तालिमले महत्वपुर्ण भुमिका निर्वाह गर्ने विश्वास ब्यक्त गरे ।

९० दिन सम्म चलेको तालिममा नगर र आसपास क्षेत्रका २० जना महिलाले तालिम प्राप्त गरेको प्रशिक्षिका प्रमिला यादवले जानकारी दिईन ।
प्रशिक्षार्थी काजल कुमारीले तालिममा प्राप्त ज्ञानलाई फुर्सदको समयमा सदुपयोग गर्ने र घर मै वसेर व्यवसाय संचालन गरी आय आर्जन गर्ने अवसर र हौसला मिलेको सुनाईन ।

नेपाल-भारत मैत्री संघ सप्तरीका अध्यक्ष मनोज मुन्धडाको अध्यक्षतामा आयोजित प्रमाणपत्र वितरण तथा समापन समाहरोमा संघका उदयपुर जिल्ला अध्यक्ष करुणा झा, उपाध्यक्ष ओम प्रकास साह, महासचिव सत्यवान कुमार सिंह, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी, नेपाली काँग्रेस मधेश प्रदेश समितीका सहमहामन्त्री विन्दु कुमारी यादव लगायतले पनि शुभकामना दिदै गरिब विपन्न महिलाहरुको आत्मबल बढाउन तथा सीप सिकाएर उनीहरुलाई आय आर्जनको श्रोत जुटाउन संघले गरेको प्रयास सराहायनीय कार्य भएको बताएका थिए ।

तालिममा सहभागी भएकाहरुका लागी सिलाई मेशीन खरिद र प्रशिक्षिकाको पारिश्रमिक लगायतका कार्यमा भएको खर्च समाजेवी शैलेन्द्र मोहन झा, नेपाल-भारत मैत्री संघ सप्तरी शाखाका अध्यक्ष मनोज मुन्धडा र साहित्यकर्मी समेत रहेकी नेपाल-भारत मैत्री संघ उदयपुरकी अध्यक्ष करुणा झाले मिलेर नीजी लगानी गरेर व्यवस्थापन गरेको तालिम आयोजक संस्थाले जनाएको छ ।

# दलितसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्न राष्ट्रियसभाको निर्देशन

काठमाडौँ, २१ वैशाख (रासस) ।
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले 'दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्था आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१' कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथिको छलफलपछि अध्यक्ष दाहालले कार्यान्वयनका लागि मन्त्रालय र सम्बन्धित निकायलाई निर्देशन दिनुभएको हो ।

प्रतिवेदनमाथि सांसदहरूले उठाउनुभएका प्रश्नको जवाफ दिँदै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकाले दलितको हक कार्यान्वयन गर्न विकास, आर्थिक मामिला तथा सुशासन समितिले निर्देशन दिएकाले कार्यान्वयन गरिने बताउनुभयो । दलित प्राधिकरण विधेयक चालु अधिवेशनमै पेस गर्न निर्देशन प्राप्त भएकाले त्यसै अनुसार गर्ने तयारी भइरहेको पनि उहाँले जानकारी गराउनुभयो ।

विधेयकको मस्यौदालगायत दस्तावेज सहमतिका लागि राष्ट्रिय दलित आयोगमा पठाइएको पनि मन्त्री गुप्ताले बताउनुभयो ।
प्रतिवेदनमाथिको छलफलमा भाग लिँदै सांसद नारायणदत्त मिश्रले जन्मले सबै शुद्र र संस्कारले ब्राह्मणलगायत जात हुने वेदको वचन भएकाले जातीय व्यवस्थाका बारेमा कामका आधारमा पुनर्परिभाषित गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले सर्वोच्च अदालतले तीन महिनाभित्र बनाउन भनेको कानुन पनि अझै बन्न नसकेकाले दलित समुदायको विकासका लागि प्रतिवेदन पेस गरिएको बताउनुभयो । सांसद कृष्ण अधिकारीले राष्ट्रिय दलित प्राधिकरण विधेयक छिटो ल्याउन माग गर्नुभयो ।

# 'केआइआइटीमा विद्यार्थी पठाउन बन्द गरौँ'

काठमाडौँ, २१ वैशाख (रासस) ।
राष्ट्रियसभाका सदस्यहरुले भारतको उडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलजी(केआइआइटी) मा विद्यार्थी पठाउन बन्द गर्नुपर्ने भएको छ । साथै उहाँहरु त्यहाँ जान चाहने विद्यार्थीलाई 'नो अब्जेक्सन लेटर (एनओसी)' दिन नहुनेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक समयमा उहाँहरुले केआइआइटीमा विद्यार्थी असुरक्षित भएका, एकपछि अर्को छात्राको शृङ्खलाबद्ध मृत्युले विद्यार्थीको सुरक्षाको प्रत्याभूति नभएको भन्दै एनओसी रोक्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले सरकारले उक्त कलेजका लागि एनओसी दिने प्रक्रिया रोक्नुपर्ने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी)का सांसद मदनकुमारी साहले केआइआइटीका लागि एनओसी रोक्न माग गर्दै अभिभावकलाई पनि सचेत हुन आग्रह गर्नुभयो ।

आकस्मिक समयमा जनता समाजवादी पार्टी नेपालका मोहम्मद खालिद, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका शेखरकुमार सिंह र नेपाली कांग्रेसका कृष्णबहादुर रोकायले केआइआइटीमा नेपाली विद्यार्थीको मृत्युबारे छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारले निरन्तर पहल गर्नुपर्ने माग गर्नुभयो ।

घटनाको छानबिन र दोषीमाथि कारबाहीको माग गर्नेहरुमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का गङ्गाकुमारी बेल्वासे र नेपाल कम्युनिष्ट पार्टी(एमाले)का सुमित्रा विसी हुनुहुन्थ्यो ।

# सहमतिपछि आवासीय चिकित्सक काममा फर्किए

काठमाडौँ, २१ वैशाख (रासस) ।
सरकार र विभिन्न माग राखेर आन्दोलन गर्दै आएका चिकित्सकबीच सहमति भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेल, नेपाल चिकित्सक सङ्घ र आवासीय चिकित्सकबीच विभिन्न विषयमा सहमति भएको हो ।

सहमतिअनुसार चिकित्सका शिक्षा आयोगको १६औँ बैठकको निर्णय कार्यान्वयन गरिने छ । यस्तै, निजी तथा सार्वजनिक संस्थाको एकैसाथ म्याचिङ तथा भर्ना हुन पाउने गरी व्यवस्था गरिने भएको छ । आवासीय चिकित्सकको बिदा, कार्य समय, अतिरिक्त सुविधालगायतका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यदल गठन गरी १५ दिनभित्र प्रतिवेदन पेस गर्ने सहमति भएको छ ।

यस्तै, आवासीय चिकित्सकलाई स्वास्थ्य सेवाको आठौँ तह बराबरको निर्वाह भत्ता तत्काल उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकायलाई निर्देशन दिने सहमति भएको छ । सहमतिमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका महाशाखा प्रमुख डा भीमप्रसाद सापकोटा र नेपाल मेडिकल एसोसिएसनका तर्फबाट नेपाल चिकित्सक सङ्घका महासचिव सञ्जिव तिवारीले हस्ताक्षर गर्नुभएको छ ।

मन्त्री पौडेलले सरकारले आवश्यक प्रतिबद्धता गरिसकेपछि नेपाल चिकित्सक सङ्घले आन्दोलन फिर्ता लिएको र सहमति कार्यान्यनका लागि आफूहरूले इमान्दार प्रयास गर्ने बताउनुभयो । निजी मेडिकल कलेजले पनि आठौँ तहसरह भत्ता दिने प्रतिबद्धता जनाएको र आवासीय चिकित्सक काममा फर्किसकेको मन्त्री पौडेल बताउनुभयो ।

### अनुमति पाएको ...

देवले हनुमाननगर कंकालिनी नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाईसहितका बिरुद्ध रिट दायर गरेका थिए ।

# अस्पताल विकास समितिको सेवामा एकरुपता ल्याउन विधेयक ल्याइँदै

काठमाडौँ, २१ वैशाख (रासस) ।
सङ्घीय अस्पताल विकास समितिहरुमा पारदर्शिता र सेवा तथा मूल्यमा एकरुपता ल्याउन विधेयक ल्याइने भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले अघि बढाउनुभएको एकीकृत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक तर्जुमाका लागि गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सैद्धान्तिक सहमति दिएको हो ।

अस्पतालपिच्छे रहेका विकास समितिमा भएका सेवा शुल्कको भिन्नता, खर्चमा देखिएको अपारदर्शिता तथा कर्मचारीको नियुक्ति तथा स्थायी प्रक्रियालाई एकरुपता ल्याउन लागिएको हो ।

हाल सङ्घीय अस्पतालहरुमा भएका छुट्टाछुट्टै समिति अस्तित्वमा हुँदा एकै खालका अन्य सङ्घीय अस्पतालभन्दा फरक नियम तथा सेवा शुल्क लिने गरिएको छ । यसलाई कम गर्नका लागि अब ऐनमार्फत एकीकृत रुपमा सेवा तथा नीतिगत व्यवस्था हुने गरी व्यवस्था गर्ने तयारी अघि बढाइएको हो ।

अस्पतालको आन्तरिक आम्दानीको खर्चको प्रवृत्तिसमेत एकै खालको नभएकाले यसलाई समेत नयाँ विधेयकमा समेट्ने तयारी मन्त्री पौडेलको छ । कतिपय अवस्थामा बढिरहेको प्रशासनिक खर्चसमेत कम गर्ने लक्ष्य मन्त्रालयले लिएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृतिपछि नयाँ विधेयकको तर्जुमा प्रक्रिया अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "विधेयक निर्माणको प्रक्रिया अघि बढ्नेछ । विज्ञहरुको परामर्शका आधारमा मस्यौदा तयार गरिनेछ ।"

# भारतको केआइआइटीमा दोहोरिएको घटनाको छानबिन गर्न माग

काठमाडौँ, २१ वैशाख (रासस) ।
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले भारतको उडिसा राज्यस्थित भुवनेश्वरको केआइआइटीमा एकै प्रकृतिको घटना दोहोरिएकाले त्यसबारे सत्य, तथ्य छानबिन गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक र शून्य समयमा सांसदहरुले केआइआइटी कलेजमा अध्ययानरत छात्रा प्रिन्सा साहको रहस्यमय निधन भएको उल्लेख गर्दै छानबिन गर्न माग गर्नुभएको थियो । त्यसपछि सभाअध्यक्ष दाहालले सत्य, तथ्य छानबिन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

आइतबारको बैठकको आकस्मिक र शून्य समयमा सांसदहरुले उठाएका अन्य विषयको जवाफ संसद् नियमावलीले तोकेको समयभित्रै दिन पनि उहाँले सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*